आज मिति २०७८ वैशाख १६ गते विदुर नगरपालिकाका प्रमुख श्री सञ्जु पण्डित ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.न. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सञ्जु पण्डित | प्रमुख | [signature] |
| २ | श्री गिता कुमारी दाहाल (अर्याल) | उप प्रमुख | [signature] |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | [signature] |
| ४ | श्री वीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | [signature] |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | [signature] |
| ७ | श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| ८ | श्री राजु सडौला | वडा अध्यक्ष | [signature] |
| ९ | श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | [signature] |
| १० | श्री फइ सिं तमाङ | वडा अध्यक्ष | [signature] |
| ११ | श्री सनी चित्रकार | वडा अध्यक्ष | [signature] |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | [signature] |
| १३ | श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| १४ | श्री सीताराम अर्याल | वडा अध्यक्ष | [signature] |
| १५ | श्री दल बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री मुरली मिजार | कार्यपालिका सदस्य | मुरली |
| १७ | श्री रामशरण मिजार | कार्यपालिका सदस्य | रामशरण |
| १८ | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री राजकुमार कुमाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिन्दा श्रेष्ठ | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री मेनुका चौलागाई | कार्यपालिका सदस्य | मेनुका |
| २२ | श्री रश्मी पाण्डे | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री रेखा लामा | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

Scanned with CamScanner

## ५५ औं कार्यपालिका बैठक (२०७८।०१।१६)

**प्रस्तावहरु:**

१) कोभिड-१९ महामारी सम्बन्धमा

२) विविध

**समिक्षा : ५४ औ नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :**

नगर कार्यपालिकाको ५४ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णयहरु**

**निर्णय नं.१) कोभिड-१९ महामारी सम्बन्धमा**

प्रस्ताव नं. १ उपरछलफल गर्दा विदुर नगरपालिकाकाले तपशिल बमोजिमका कार्ययोजना सहित कोभिड-१९ महामारी नियन्त्रण गर्ने निर्णय गरियो ।

क) कोभिड-१९ सम्बन्धी सन्देश सञ्चार माध्यममा प्रवाह गर्ने ,

ख) विदुर नगरपालिका भित्र रहेका सरकारी, गैर सरकारी, निजि सम्पूर्ण कार्यालयमा अनिवार्य हात धुने व्यवस्था, मास्क र स्यानिटाइजर उचित तरिकाले प्रयोग गर्न/गराउने ,

ग) सम्पूर्ण व्यापारी तथा पसलेले अनिर्वार्य मास्क, स्यानिटाइजर प्रयोग गरि दुरी कायम गरि सेवा प्रवाह गर्ने साथै हात धुने व्यवस्था मिलाउने । कपाल काट्ने सैलुनको हकमा नाईले अनिवार्य मास्क, Face Shield र प्रत्येक व्यक्तिलाई छुटाछुट्टै पन्जाको प्रयोग गरि सेवा प्रवाह गर्नुपर्ने ,

घ) लामो दुरीमा सञ्चालन हुने बस, माइक्रोबस तथा सार्वजनिक यातायातका टिकट काउन्टरहरुले टिकट काट्दा अनिवार्य यात्रुको नाम, ठेगाना, सम्पर्क नं. अभिलेख राख्नुपर्ने ,

ङ) नगर भित्र सञ्चालन हुने यात्रुवाहक यातायातको हकमा रजिष्टर राखि अभिलेख राख्ने । सो रजिष्टरमा यात्रुको नाम, ठेगाना, मोबाइल नं. र यात्रु चढेको स्थान उल्लेख गर्नुपर्ने ,

च) यात्रुहरुले अनिवार्य रुपमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्नुपर्ने र काउन्टरको हकमा हात धुने समेत व्यवस्था गर्नुपर्ने । त्यसको अलवा चालक र सहचालकले Face Shield अनिवार्य लागाउनु पर्ने ,

छ) सार्वजनिक यातायातमा सिट क्षमताको ५०% भन्दा बढी यात्रु राख्न नपाईने ,

Scanned with CamScanner

ज) विदेश तथा अति जोखिम क्षेत्रबाट आएका व्यक्तिको लगत विदुर नगरपालिका वडा कार्यालयबाट लिई नगरपालिका कोभिड फोकल पर्सन वा स्वास्थ्य शाखामा जानकारी गराउने र अनिवार्य १० दिन होम क्वारेन्टीनमा राख्ने ,

झ) प्रत्येक वडाले कम्तीमा १० जना क्षमता बराबर क्वांरन्टीन निर्माण व्यवस्थापन गराउने ,

ञ) नगरपालिकाबाट सम्पूर्ण वडाहरुको यथासम्भव भिडभाड बढी हुने सार्वजनिक स्थलहरुमा हात धुने व्यवस्था गर्ने ,

ट) नगरपालिका भित्र भिडभाड जम्मा हुने जात्रा, पर्व, विवाह र ब्रतवन्ध(भोज भतेर), मन्दिरमा हुने नित्य पुजा, सेमिनार, गोष्टि, तालिम लगायतका क्रियाकलापहरु अर्को सूचना प्रकाशित नभएसम्मका लागि बन्देज लगाउने ,

ठ) हरेका वडामा रहेका CPG (Corona Preventive Group) ले सक्रिय साथ काम गर्ने गराउने ,

ड) प्रत्येक स्वास्थ्य संस्थाहरुमा (निजि तथा सरकारी) विरामी तथा अन्य सेवाग्राहीको अनिवार्य रुपमा जोरो जाँच गरि त्यसको अभिलेख राखी तत्पश्चात मात्र सेवा प्रवाह गर्ने ,

ढ) नगरवासीहरुको स्वास्थ्यलाई ध्यानमा राखी आवश्यक मास्क, स्यानिटाइजर वा कोभिड सँग सम्बन्धीत सामाग्री ( Antigen, VTM, PPE ) खरिद गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने ,

ण) स्वास्थ्य कर्मचारीहरुलाई जोखिम भत्ता, बीमा र संक्रमित भएमा उपचार विदुर नगरपालिकाले गर्नुपर्ने र CICTT (Case Investigation and Contact Tracing Team) लाई छुट्टै आवासको व्यवस्था गर्ने र Contact Tracing मा खटिदा फोकल पर्सनलाई प्रति महिना रु.१०००।- को दरले सञ्चार खर्च समेत उपलब्ध गराउने र

प) विदुर नगरपालिका वडा नं. १ त्रिशुलीमा रहेको जनसेवा क्लिनिकलाई तत्काल आइसोलेशन सेन्टरको लागि प्रयोग गर्ने । सो प्रयोजनको लागि त्रिशुली अस्पतालसँग स्वास्थ्यकर्मीको उपलब्ध गराउन माग गर्ने ,

फ) कम्तीमा २ वटा एम्बुलेन्स र १ वटा शव वहान सम्झौता गरि तयारी अवस्थामा राख्न कोभिड फोकल पर्सन लाई निर्देशन दिने ,

ब) मागमा आधारित रहेर विभिन्न वडाहरुमा समुदायमा रही Sampling Antigen Test/PCR Test गराउने ,

भ) विदुर नगरपालिका प्रवेश गर्ने बाहिरबाट आएका व्यक्ति र सवारी साधनहरुलाई नाका प्रवेशमा कडाई गरि मोबाइल नं. सहितको अभिलेख राखि प्रवेश गरेका व्यक्ति र

Scanned with CamScanner

साधनहरुको अनिवार्य जानकारी सम्बन्धीत वडा अध्यक्षलाई गराउने कार्य गर्न स्वास्थ्य शाखा र नगर प्रहरीलाई जिम्मा दिने निर्णय गरियो ।

म) भिडभाड कम गर्न वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रदान गरिने दैनिक सेवाहरुमा अत्यावश्यक वाहेकका सेवा प्रवाहमा रोक लगाउने निर्णय गरियो ।

**निर्णय नं.२) विविध**

क) हेवि इक्युप्मेन्ट सञ्चालनमा खटिने ड्राइभरहरुलाई काममा खटिएको बेलामा चैत्त महिनाको रु.४०००।- बैशाख, जेष्ठ र अषाढ महिनाको मासिक रु.१०,०००।- खाजा खाना थप खर्च दिने निर्णय गरियो ।

ख) नगरपालिका क्षेत्र भित्र पर्ने मुख्य राजमार्ग अन्तर्गतका भवन संरचनाहरु पाँच तला भन्दा माथिको निर्माण गर्दाUnderground Parking वा Ground Floor लाई Parkingको रुपमा अनिवार्य व्यवस्था गर्नुपर्ने । साथै Sanitary , Structural तथा Electrical Drawing अनिवार्य पेश गर्नुपर्नेछ । FAR(Floor Area Ratio)३ कायम गरिएको छ ।

Scanned with CamScanner